# “धादिङ जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण”

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय
स्नातकोत्तरतह (एम.ए.) द्वितीय वर्षको दशौं पत्रको
प्रयोजनार्थ प्रस्तुत गरिएको
शोधपत्र

**शोधकर्ता :**
दल बहादुर थापा मगर
एम. ए. दोस्रो वर्ष
क्याम्पस रोल नं. २९३
परीक्षा रोल नं. - २८०५७७
त्रि.वि.दर्ता. नं. ९-२-३७५-४-२००४

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय**
**नेपाली केन्द्रीय विभाग**
**केन्द्रीय विश्वविद्यालय क्याम्पस**
**कीर्तिपुर, काठमाडौं**
**२०७१**

# हार्दिक कृतज्ञता

कुनै पनि राष्ट्रको भाषा, संस्कृति, इतिहास, घटना र समाजको प्रतिविम्ब उतार्ने उखानहरू सामाजि, ऐतिहासिक, सांस्कृतिक, साहित्य, भाषाशास्त्रीय आदि दृष्टिले तिनको अध्ययन महत्वपूर्ण मानिन्छ । उखानहरूमा व्यक्त ज्ञानराखी, प्रतीकात्मक र विशिष्ट किसिमको हुन्छ । थोरै शब्दमा धेरै ज्ञानको सार निहित रहने हुँदा शब्दको मितव्यतिाको निम्ति उखानलाई भाषिक अभिव्यक्तिमा प्रयोग गरिन्छ । त्यसैले लोकजीवनले उखानहरूलाई लोकोक्तिको रूपमा प्रचलन गर्दै ल्याएको देखिन्छ । उखानको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाका साथै प्रवाहपूर्ण हुन्छ । उखानले साधारण र विशेष अर्त दिए पनि उखानको महत्व लाक्षणिक अर्थमा मात्र हुन्छ । भाषामा अभिव्यक्तिको क्रममा धारावाहिक रूपमा निस्कने उखान नेपाली जनजीवनमा व्यक्ति व्यक्तिका मुखमा झुन्डिएर रहेका हुन्छन् । नेपाली समाजमा उखानलाई आहान, भनाइँ, कथन, कहावत, उक्ति, लोकोक्ति, वचन, शास्तर नाम ठाउँ अनुसार दिइएको देखिन्छ । यस्ता उखानको अर्थ रूपात्मक प्रतिकात्मक, गुढार्थ मूलक हुन्छ ।

नेपाली लोकसाहित्यको विशाल फाँट रहेको छ तर यस दिशा भएका उखान अध्ययनका प्रयाहरू साह्रै थोरै रहेका देखिन्छन् । लोकसाहित्यका विधि विधाहरू मध्ये उखानहरू लोकोक्तिका रूपमा मौखिक परम्पारमा प्रचलित भई आएका छन् । खेतीपातिको काममा खटिने किसानहरू आफ्नो गाउँले जीवनमा अर्ति उपदेशका रूपमा उखान कथ्छन् र जीवन व्यवहारमा तिनको मर्मलाई आत्मसात् गर्छन् । साथै उखानले सामाजिक जीवनका विकृति औंल्याउने काम पनि गरेको हुन्छन् । यस्ता उखानले नेपाली समाजको चिन्तनस्तर, सामाजिक व्यवहार, खानपान, विधि निषेध जस्ता कुरा प्रतिबिम्बित गर्छन् । समयको गति र समाजको शिक्षाको प्रगतिसँगै नयाँ नयाँ उखानहरू यस दिशामा प्रचलित हुँदै आएको पाइन्छ । यस क्रममा आधुनिक विषयवस्तुलाई प्रतीक बनाई प्रयोग गरिन्छ । लोक जीवनमा आफूले देखे भोगेको वस्तुलाई प्रतीक बनाई प्रस्तुत गर्ने प्रचलन नेपाली लोकजीवनमा युगौंदेखि चल्दै आएको देखिन्छ ।

प्रस्तुत कृति त्रिभुवन विश्वविद्यालय सामाजिक शास्त्रसंकास अन्तर्गत एम.ए. नेपाली दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो । लोकसाहित्यभित्र खुम्चिएर बस्नु परेको उखान विधमा तयार पारिएको यस शोधकार्यमा धादिङ जिल्लामा प्रचलनमा रहेको उखानको सङ्कलन वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ । उखानको स्वरूप तथा संरचना उस्तै देखिए पनि प्रयोगस्थानको दृष्टिकोणले त्यसको अर्थमा भिन्नता देख्न सकिन्छ । त्यसकारण धादिङ जिल्लाभित्रको

केही निश्चित भू-भागलाई केन्द्रमा राखेर सङ्कलन गरिएका करिब नौ सय उखानहरू यहाँ समेटिएका छन् । ती उखानहरू स्थानीय जनजीब्रोमा पृथक पृथक परिवेशमा प्रयोग हुने गर्दछ । त्यसैको आधारमा समाज, संस्कृति, व्यवसाय, राजनीति धर्म, आदिसँग सम्बन्धीत भएकाले त्यसै अनुसार उखानको वर्गीकरण गरिएको छ । उखानको सामान्य सैद्धान्तिक परिचय प्रस्तुत गरेर कृतिलाई गति दिइएको भए पनि मूलतः धादिङको भू-भागमा स्थानीइ स्तरमा प्रयोग हुने उखानको सङ्कलन गर्नु नै यसको प्रमुख उद्देश्य हो । विभिन्न विद्वान, पेशाकर्मी, किसान, शिक्षक लगायत गाउँघरका बुढापाकासँगको भलाकुसारी मार्फत् कयौं उखान सङ्कलन गरिएको छन् भने केही उखानहरू विद्यालयका भाइबहिनीहरूलाई प्रतियोगितात्मक रूपमा सङ्कलन गर्न लगाएर त्यस मार्फत् खोजिएका छन् । जे जसरी प्राप्त भए पनि केबल स्थानीयताको खोजी गर्नु नै यो शोधकार्यको लक्ष्य हो ।

यो शोधकार्य तयार पार्ने सहयोग गर्नु हुने सबैमा साधुवाद टक्र्याउन चाहन्छु । यस क्रममा सबैभन्दा बढी त्रि.वि.का गुरू मोतिलाल पराजुलीप्रति आत्मदेखि नै हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । उहाँको असाध्यै सहयोग र मार्ग निर्देशबाट नै यो शोधकार्य निर्माण गर्न सकेको हुँ । उखान सङ्कलनमा उखान उपलब्ध गराउनु हुने सबै स्थानीय बासिन्दाहरू प्रति आधार व्यक्त गर्न चाहन्छु । विद्यालयका भाइबहिनीहरू जसले मेहेनतसाथ आफ्नो घरपरिवारबाट उखान सङ्कलन गरेर मलाई सहयोग गर्नु भएको छ उहाँहरूलाई पनि हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । शोधकार्य तयार गर्ने सिलशिलामा सहयोग लिइएका उल्लेखित सन्दर्भ सामग्रीका लेखक तथा सर्जकप्रति आभारी छु । केही अंशहरू साधार पनि गरिएको हुँदा सम्बन्धित विद्वानहरूसँग क्षमतायचना पनि गर्दछु । मलाई यस कार्यमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने सबैमा हार्दिक धन्यवाद दिँदै “धादिङ जिल्लामा प्रचलित उखानको सङ्कलन, वर्गीकरण र विश्लेषण”शीर्षकको शोधकार्यलाई एउटा पुस्तकाकार दिनुहुने आदर्श कम्प्युटरको प्रोपाइटर श्री द्रोणप्रसाद दुवाडीलाई पनि धन्यवाद सहित सम्झन चाहन्छु ।

अन्त्यमा यस उखान सङ्कनको शोधकार्यलाई अन्तिम मूल्याङ्कन गरिदिनको लागि त्रिभुवन विश्वविद्याल नेपाली केन्द्रीय विभागमा पेश गर्न चाहन्छु ।

मिति :

दल बहादुर थापा मगर
नेपाली विभाग
केन्द्रीय क्याम्पस, कीर्तिपुर

## विषय सूची


| क्र.स. | शीर्षक | पेज नं. |
|---|---|---|
| | **अध्याय : पहिलो** | |
| | **शोधपत्रको परिचय** | |
| १.१ | विषय परिचय | १ |
| १.२ | अध्ययन समस्या | १ |
| १.३ | अध्ययन उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समिक्षा | २ |
| १.५ | अध्ययनको महत्व वा औचित्य | ५ |
| १.६ | अध्ययनको सिमा | ५ |
| १.७ | अध्ययन विधि | ६ |
| १.८ | अध्ययनको रूपरेखा | ६ |
| | **अध्याय : दोस्रो** | |
| | **उखानको सैद्धान्तिक परिचय** | |
| २.१ | उखानको परिचय र परिभाषा | ७ |
| २.२ | उखानका विशेषता | १० |
| २.२ | उखानका तत्वहरू | १३ |
| २.३ | नेपाली उखानको वर्गीकरण | १४ |
| २.४ | नेपाली उखानको अध्ययन परम्परा | २१ |
| | **अध्याय : तेस्रो** | |
| | **धादिङ जिल्लामा प्रचलित उखानको संकलन** | |
| ३.१ | उखान संकलन क्षेत्रको परिचय | २४ |
| ३.२ | संकलित उखानहरू | २४ |
| | **अध्याय : चौथो** | |
| | **धादिङ प्रचलित उखानको विश्लेषण** | |
| ४.१ | धादिङमा प्रचलित उखानमा समाज र संस्कृतिको चित्रण | ५७ |
| ४.२ | राजनीतिपरक उखान | ५९ |
| ४.३ | पारिवारिक चित्रण | ६१ |
| ४.४ | समाज सर्न्दभ | ६२ |
| ४.५ | संस्कृतिपरक उखान | ६३ |
| ४.६ | अर्थपरक उखान | ६४ |
| ४.७ | उखानमा पेशा व्यवसायको सर्न्दभ | ६५ |
| ४.८ | अन्य विविध उखान | ६५ |
| | **अध्याय : पाँचौं** | |
| | **उपसंहार** | |
| ५.१ | धादिङ जिल्लामा उखानको प्राप्ति | ६७ |
| ५.२ | निष्कर्ष | ६८ |
| | सर्न्दभ सामग्री सूची | |